'पहिचान, अपनत्व र अधिकार : दिगो विकासको आधार'

तारकेश्वर नगरपालिका
तारकेश्वर नगरपालिका
TARAKESHWOR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धर्मस्थली, काठमाडौं, बागमती प्रदेश, नेपाल
DHARMASTHALI, KATHMANDU, BAGAMATI PROVINCE, NEPAL

पत्र संख्या (Ref. No.): २०८३/८४
चलानी नं. (Dispatch No.): ८८०

मिति (Date): २०८३/०७/१०
नेपाल सम्वत (Nepal Sambat):११४६ कौलागा, प्रतिपदा

श्री सम्पूर्ण इन्टरनेट सेवा प्रदायक (ISP) संस्थाहरू,
काठमाडौँ।

विषय: अव्यवस्थित तार व्यवस्थापन तथा अनावश्यक तार हटाउने सम्बन्धमा।

प्रस्तुत विषयमा तारकेश्वर नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका इन्टरनेट तथा केबल सेवासम्बन्धी तारहरू अव्यवस्थित रूपमा झुन्डिएका तथा जथाभावी छरिएर रहेका कारण पैदलयात्रीहरूलाई आवतजावत गर्न तथा सवारीसाधनको आवागमनमा समेत असहजता उत्पन्न भएको भनी नागरिकहरूबाट विभिन्न माध्यममार्फत गुनासो प्राप्त भइरहेको व्यहोरा अवगत गराइन्छ।

अतः नगरपालिका क्षेत्रभित्र तपाईंहरूको संस्थाबाट जडान गरिएका प्रयोगमा नरहेका, काम नलाग्ने तथा अनावश्यक तारहरू **आजको मितिले ७ (सात) दिनभित्र हटाई आवश्यक तार व्यवस्थापन गर्न** हुन अनुरोध गरिन्छ। साथै, प्रयोगमा रहेका तारहरूलाई समेत व्यवस्थित रूपमा जडान गरी सार्वजनिक सडक, पैदलमार्ग तथा अन्य सार्वजनिक स्थानमा अवरोध नहुने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

तोकिएको समयसीमा भित्र तार व्यवस्थापन तथा अनावश्यक तार हटाउने कार्य नगरेमा नगरपालिकाबाट त्यस्ता अव्यवस्थित तारहरू हटाउने कार्य गरिने व्यहोरा जानकारी गराइन्छ। सो क्रममा हटाइने तार तथा सामग्रीमा हुन सक्ने क्षतिप्रति नगरपालिका जिम्मेवार नहुने व्यहोरा समेत यसै पत्रमार्फत जानकारी गराइन्छ।

यस कार्यलाई उच्च प्राथमिकताका साथ लिई तोकिएको समयभित्र आवश्यक व्यवस्थापन गरिदिनुहुन अनुरोध छ।

.....
धर्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

01-5168111, 9761079312 www.tarakeshwormun.gov.np tarakeshwormun2071@gmail.com, info@tarakeshwormun.gov.np
Dharmasthali, Kathmandu Toll Free No.: 16600102555

Scanned with CamScanner